प्रेस वक्तव्य
२०६७ माघ २४

एम्नेस्टी इन्टरनेसनल

# नेपाल : शान्ति प्रक्रिया र राज्य पुनर्संरचनाको अभिन्न अंगको रुपमा गरिएको मानवअधिकार सम्बन्धी प्रतिवद्धता नयाँ सरकारले पूरा गर्नै पर्दछ ।

(१) नयाँ सरकारबाट विस्तृत शान्तिसम्झौतामा भएका मानवअधिकार सम्बन्धी विषयको कार्यान्वयन गर्ने अवसर पुनः खेर फाल्ने काम हुनुहुदैन । नयाँ सरकारले खासगरी विगतको द्वन्द्वमा भएका मानवअधिकार हनन्का दोषीलाई न्यायिक कारवाही गर्नमा भएको राज्यको विफलताका कारण देशमा विद्यमान “पूर्ण रुपको दण्डहीनता” लाई सम्बोधन गर्नु पर्दछ । व्यक्तिगत अभियोजन, सम्बन्धित आयोगहरु र पूर्ण तथा पर्याप्त परिपूरणको व्यवस्था सरकारको प्राथमिकताको विषय हुनुपर्दछ ।

(२) नयाँ संविधान बनाउने र राज्यको नयाँ राजनीतिक प्रणाली ल्याउने कार्य मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप हुनुपर्दछ । त्यसमा विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका ‘विश्वव्यापी रुपमा स्वीकारि गरिएका मानवअधिकारका आधारभूत मान्यता, कानुनी राज्य, स्वतन्त्र न्यायपालिका, पूर्ण प्रेस स्वतन्त्रता, जनसहभागिता - विस्तृत शान्ति सम्झौताको प्रावधान ३.४) जस्ता कुरा प्रतिविम्वित हुनुपर्दछ । नयाँ संविधान र राज्यको नयाँ राजनीतिक प्रणालीले महिला, दलित, जनजाती र अन्य अल्पसंख्यक समुदायको अधिकारको संरक्षण तथा वर्ग, जात, भाषा, लिंग, संस्कृति र धर्म (प्रावधान ३.५) का आधारमा गरिने भेदभावको अन्त्य गरिनु पर्दछ । यसमा शिक्षा, स्वास्थ्य ,आवास,रोजगारी र सबैलाई खाद्यान्नको व्यवस्थाको पनि सुनिश्चितता हुनुपर्दछ (प्रावधान ३.५)

(३) बेपत्ता भएकाहरुको अवस्थाबारे अनुसन्धानका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप आयोग बनाउन सर्वोच्च अदालतले २०६४ जेठ १८ मा दिएको आदेश कार्यान्वयन गरिनु पर्दछ । यस आयोगको तत्काल गठनले शान्तिसम्झौताको ५.२.३मा उल्लेख भए अनुसार द्वन्द्वका क्रममा बेपत्ता भएकाहरुको अवस्था सार्वजनिक गर्ने कार्यमा भएको विफलतालाई सुधार गर्न मद्दत पुग्नेछ ।

(४) द्वन्द्वकालमा भएका मानवअधिकार उल्लंघन क्षम्य नहुने कुराको सुनिश्चितता हुनुपर्दछ । बेपत्ताहरुको अवस्था छानवीन सम्बन्धी आयोगले प्रहरी अनुसन्धान र अदालतमा मुद्दा चलाउने नियमित कार्यलाई प्रतिस्थापन गर्ने होइन भनी राज्यका जिम्मेवार निकायहरुलाई स्पष्ट पारिनु पर्दछ । शान्ति सम्झौतामा राजनीतिक मुद्दाहरु फिर्ता लिने भनिएकोमा त्यो सहमतिलाई आपराधिक घटनामा आममाफी दिने गरी दुरुपयोग गरिनु हुँदैन । हत्या लगायतका गम्भीर प्रकृतिका अपराधका घटनाका मुद्दाहरु सरकारले फिर्ता लिन हुँदैन, अझ यस्ता घटनामा त नागरिक अदालतमा मुद्दा चलाइनु पर्दछ ।

(५) स्वतन्त्र रुपमा कार्य गर्न सक्ने प्रावधानहरुको सुनिश्चितताका साथ सत्य तथा मेलमिलाप आयोग गठन गरिनु पर्दछ । (विस्तृत शान्ति सम्झौताको प्रावधान ५.२.५) द्वन्द्वका क्रममा जसले आफ्ना आफन्तहरु गुमानुभएको छ, वहाँहरुको पीडा कम गर्नका लागि सत्य र परिपूरणको तत्काल सुनिश्चित गर्न अत्यावश्यक छ । (प्रावधान ७.१.३ - ... यसका साथै द्वन्द्व र यातना पीडित तथा वेपत्ता पारिएकाहरुको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।) चाहे आयोग गठनका क्रममा होस् वा व्यक्तिगत मुद्दामा साक्षी र प्रत्यक्षदर्शीको संरक्षणको भरपर्दो व्यवस्था हुनुपर्दछ ताकि उनीहरुले कुनै डर विना नै सुरक्षित ढंगले आफ्ना कुरा भन्न सकून् ।

(६) अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान, जबर्जस्ती बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय महासन्धी र यातना विरुद्धको ऐच्छिक उपलेखको अनुमोदन गरिनु पर्दछ । यी सन्धिहरुको अनुमोदन गम्भीर मानवअधिकार उल्लंघन नेपालमा नदोहोरिने ग्यारेन्टीकालागि अत्यावश्यक रहेको छ ।

## पृष्ठभूमि

सन् १९९६ देखि २००६ सम्मको नेपालको आन्तरिक द्वन्द्वका क्रममा हजारौं नागरिकहरु मारिए, जबर्जस्ती बेपत्ता बनाइए, यातना दिइए र उनीहरुमाथि सेना, प्रहरी र माओवादीद्वारा मानवअधिकार हनन् गरिए । विस्तृत शान्ति सम्झौता भएको चार वर्ष भन्दा बढी समयमा  ती त्रासदीपूर्ण अपराधकर्ममा संलग्न एकजनालाई पनि न्यायको कठघरामा ल्याइएन र पीडितहरु अझैपनि न्याय, सत्य र परिपूरणको पर्खाईमा रहेका छन् ।